स्थानीय सरकार
मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. : २०८३।०८४
च.नं. :

E-mail: info@manarashiswamun.gov.np
manarasishwamun.gov@gmail.com

# बजार दररेट संकलन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२४**

यस मनराशिसवा नगरपालिकाअन्तर्गत **नगर आधारभूत अस्पताल सञ्चालनका लागि आवश्यक बायोमेडिकल उपकरणहरूको लागत अनुमान तयार गर्ने प्रयोजनार्थ** बजार दररेट संकलन गर्नुपर्ने भएकाले सम्बन्धित योग्य तथा इच्छुक फर्म/आपूर्तिकर्ताहरूबाट देहायबमोजिमको विवरणसहित दररेट उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

नगर आधारभूत अस्पतालका लागि आवश्यक **जम्मा २०६ (दुई सय छ) वटा बायोमेडिकल उपकरणहरूको सूची तथा आवश्यक विवरण** यस नगरपालिकाको आधिकारिक वेबसाइटमा राखिएको छ। इच्छुक फर्म/आपूर्तिकर्ताहरूले उक्त सूचीमा उल्लिखित उपकरणहरूका लागि **ब्राण्ड, मोडल, स्पेसिफिकेशन, इकाई तथा दररेट** स्पष्ट रूपमा उल्लेख गरी आफ्नो दररेट पेश गर्न सक्नेछन्।

यो सूचना **कुनै पनि प्रकारको खरिद वा बोलपत्र आह्वान नभई लागत अनुमान तयार गर्ने प्रयोजनका लागि मात्र बजार दररेट संकलन गर्न** प्रकाशित गरिएको हो। यसबाट नगरपालिकालाई खरिद गर्न बाध्यकारी दायित्व सिर्जना हुने छैन। बायोमेडिकल उपकरणहरूको विस्तृत सूची तथा थप जानकारीका लागि **मनराशिस्वा नगरपालिकाको आधिकारिक वेबसाइट** www.manarashiswamun.gov.np मा हेर्नुहुन सम्बन्धित सबै फर्म/आपूर्तिकर्ताहरूलाई अनुरोध गरिन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत